



- टेलिफोन, इन्टरनेट इमेल सुविधा
- स्टल सहभागीहरूलाई प्रमाणपत्र

## स्टल भाडा दर

| | |
|---|---|
| • अटोमोबाइल | १००००।- |
| • उद्योग व्यापारसंग सम्बन्धित | ५०००।- |
| • होटल व्यवसाय (आइसक्रिम बाहेक) | ५०००।- |
| • आइसक्रिम व्यवसाय | ५०००।- |
| • संघ संस्थाहरू | ५०००।- |
| • घरेलु उद्योग तथा साना, मझौला उद्योग | ४०००।- |
| • कृषि जन्य वस्तुहरू | ३०००।- |

माथिको सूचीमा नपर्ने अन्य व्यवसायहरूलाई, भाडा दर आयोजक समितिको निर्णय अनुसार हुनेछ ।

- स्टल बुकिङ्ग गर्दा ब्यानर प्रायोजन गर्दा, लाग्ने शुल्क अग्रिम बुझाउनु पर्नेछ ।
- एउटै व्यक्तिबाट, २ वटा स्टल माग भएमा १०% छुट दिइनेछ ।

## स्टल व्यवस्था

- स्टल संख्या (५०) पचास हुनेछ ।
- स्टलको साइज १० फिट × १० फिट हुनेछ ।
- प्रत्येक स्टलमा १ थान टेबुल र २ थान कुर्ची उपलब्ध गराइनेछ।
- स्टलको सजावट स्वयंले गर्नु पर्नेछ ।
- विद्युतको व्यवस्था आयोजकबाट हुनेछ ।

## टिकट

- प्रवेश टिकट दर रु. ३०।- तीस रुपैयाँ लाग्नेछ ।
- विद्यालयको, ब्यानर, सिफारिसबाट समूहमा आउने विद्यार्थीहरूलाई ५०% सहुलियत दिइनेछ ।
- एकल विद्यार्थी परिचय पत्रको आधारमा रु २० शुल्क लिइने छ ।
- क र ख वर्गका अपाङ्गहरूलाई निशुल्क प्रवेश दिइने छ ।
- ग र घ वर्गका अपाङ्गहरूलाई ५०% सहुलियत परिचय पत्रको आधरमा दिइने छ । ७५ वर्ष माथिका वृद्धवृद्धाहरूलाई निःशुल्क प्रवेश गराइने छ ।

## टिकट बिक्री

समय विहान: ९ बजे देखि ५ बजेसम्म गरिनेछ

स्थान: सन्धिखर्क ६ टुडिखेल, अर्घाखाँची

**आयोजक**

उद्योग वाणिज्य संघ
अर्घाखाँची

नेपाल उद्योग वाणिज्य महासंघ
काठमाडौं

राष्ट्रिय लोक तथा दोहोरी गीत
प्रतिष्ठान नेपाल
अर्घाखाँची

**सहआयोजक**

जिल्ला विकास समितिको कार्यालय
अर्घाखाँची

**प्रवर्द्धक**

घरेलु तथा लघु उद्यम विकास कोष
काठमाडौं

**प्रवर्द्धक**

कृषि उद्यम केन्द्र
नेपाल उद्योग वाणिज्य महासंघ

घरेलु तथा साना उद्योग विकास कार्यालय
अर्घाखाँची

सन्धिखर्क गा.वि.सको कार्यालय
अर्घाखाँची

साइन डेभ्लपमेन्ट बैंक
अर्घाखाँची

**मिडिया पार्टनर**

रेडियो देउराली १०१ मेघाहर्ज
अर्घाखाँची

रेडियो अर्घाखाँची १०५.८ मेघाहर्ज
अर्घाखाँची

सौजन्य: गुणनीधि तिवारी
केन्द्रीय सदस्य, नेपाल उद्योग वाणिज्य महासंघ

उद्योग वाणिज्य संघ,
अर्घाखाँचीद्वारा आयोजित




# दोस्रो अर्घाखाँची महोत्सव

माघ २८–फाल्गुण ८, २०६६



महोत्सव हुने स्थान :
**सन्धिखर्क ६ टुँडिखेल, अर्घाखाँची**


सुपा देउराली मन्दीर

## पृष्ठभूमि

अर्घाखाँची ऐतिहासिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधताले अत्यन्त रमणीय पर्यटकीय स्थल हो । बाइसे राज्य अन्तर्गत पर्ने अर्घा र खाँची दुई राज्यको योगबाट अर्घाखाँची जिल्लाको नामाकरण भएको हो भने यी दुवैको झगडा मिलाउने सन्धिस्थल सन्धिखर्क यस जिल्लाको सदरमुकाम हो ।

संस्कृतका आदि व्याकरणका र पाणिनिले तपस्या गरी अइउण् आदि चौध व्याकरण सूत्र प्राप्त गरेको प्रसिद्ध भूमि पणेना, दुर्वसा ऋषिको तपोवन दुर्वाशेखर गुफा र दुर्गा फाँट, रावणले शिवको तपस्या गरेको नर्तनायल पर्वत (नरपानी) सबै भक्तजनको मनोकांक्षा पूर्ण गर्ने सुपा देउराली, शिवजीको डमरु खसेर बनेको ठाडाको डमरु दह (ठाडादह) महाभारतका प्रमुख पात्र बार्बरिकको राज्य क्षेत्र उलुक छत्रगञ्ज, भगवान विष्णुले नृसिंह अवतार लिएको वामरुकको नृसिंह स्थान, मधुरावेसीमा रहेको गोपेश्वर मन्दिर, बल्कोटमा रहेको ऐतिहासिक पौवा, मनचिन्ते पानी खनदह, अर्घा र खाँचीमा रहेका प्राचीन भगवती मन्दिर तथा दरवार, धैरणी दरवार धार्मिक स्थल त्रिवेणीपुर सन्धिखर्क आदि क्षेत्रहरु यसै जिल्लामा हुनुले यस जिल्लाको पर्यटकीय महत्व बढाउनमा प्रमुख भूमिका निर्वाह गरेका छन्।

सन्धिखर्क सदरमुकाम महेन्द्र राजमार्ग गोरुसिंगेदेखि ६८ कि.मी. पर्दछ । ४२ वटै गा.वि.स.हरुमा मोटर बाटोको सुविधा पुगेको छ । यस जिल्लामा १ वटा बहुमुखी क्याम्पस ४ वटा शिक्षा क्याम्पस एउटा संस्कृत क्याम्पस २४ वटा उच्च मा.वि. ५४ वटा मा.वि. र अन्य निमावि र प्राविले शिक्षाको उज्यालो छर्दै आइरहेका छन् । यहाँ धार्मिक सहिष्णुता र सुसंस्कृतिको प्रचुर मात्रामा सम्भाव्यता भएको यस जिल्लामा, सरायनाच, भैरवजात्रा, लाखे जात्रा, सालैजो, रोपाइजात्रा, थाली, मालश्री, कालीकानाथ, मारुतीनाच, सोरठीले प्रसिद्ध मानिन्छ ।

## अर्घाखाँची, उद्योग वाणिज्य संघको परिचय

अर्घाखाँची जिल्लाका उद्योगी एवं व्यापारी वर्ग तथा उपभोक्ताहरूको हक, हितको संरक्षण र चौतर्फी विकास गर्ने, उद्देश्यले २०४४ सालमा यस संस्थाको स्थापना भएको हो । यस संस्थाले उद्योग, वाणिज्य तथा अन्य व्यवसायिक, सामाजिक क्षेत्रहरूमा, जिम्मेवारी साथ, काम गर्दै आएको छ । २०६४ सालमा अर्घाखाँचीको, टुँडिखेलमा पहिलो उत्सव मेला सम्पन्न गरिसकेको छ । जिल्ला भित्रका कृषि पर्यटन शिक्षा, स्वास्थ्य मोटरबाटो, खानेपानी सरसफाई एवं साना घरेलु उद्योगको विकास गर्ने तर्फ ध्यान दिँदै आइरहेको छ ।

## उद्देश्यहरू

- अर्घाखाँचीमा पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने ।
- आन्तरिक तथा बाह्य पर्यटकहरूलाई अर्घाखाँचीमा ल्याउने ।
- उद्योगी, व्यापार, र अन्य व्यवसायको प्रवर्द्धन तथा विकासमा सहयोग पुर्‍याउने ।
- स्थानीय स्तरबाट उत्पादित गरेका घरेलु हस्तकला वस्तुहरूको बिक्री प्रवर्द्धन गर्ने ।
- नयाँ उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन गर्ने ।
- सूचना प्रविधिको विकास एवं विस्तारलाई सहयोग पुर्‍याउने ।
- आ-आफ्नो क्षेत्रमा उत्पादित कृषि जन्य पदार्थ वस्तुहरूको पहिचान र बजार व्यवस्थापन एवं व्यावसायीकरण गर्ने ।
- स्थानीय एवं राष्ट्रिय लोक, सांस्कृिक, झल्कने खालका सांस्कृतिक कार्यक्रमहरू गर्ने ।
- स्थानीय एवं राष्ट्रिय स्तरको कला एवं लोक सांस्कृतिकको संरक्षण सबर्द्धनमा प्रेरणा जगाउने ।
- अर्घाखाँची जिल्लालाई, शिक्षा, पर्यटन, कृषि, स्वास्थ्य र साना मझौला उद्योगको रूपमा विकास गर्दै जाने र समग्र आर्थिक विकासमा टेवा पुर्‍याउने ।

## लक्षित समूह

अर्घाखाँची लगायत, बिभिन्न जिल्लाहरूका साना, मझौला ठूला उद्योग व्यापार, कृषि पर्यटन, होटल, रेष्टुरेन्ट व्यावसायीहरू र संघसंस्थाहरूलाई सहयोग पुर्‍याउने ।

## महोत्सवका आकर्षकहहरू

- अर्घाखाँची जिल्लामा उत्पादित कृषिजन्य वस्तुहरूको, पहिचान गर्ने
- स्थानीय घरेलु उद्योगबाट उत्पादित आकर्षक सामग्रीहरूको बिक्री एवं प्रदर्शनी गर्ने ।
- स्थानीय स्तरमा लोक सांस्कृतिक झल्कने आकर्षक कार्यक्रमहरू प्रस्तुत गर्ने ।
- स्थानीय तथा राष्ट्रिय स्तरका ख्यातीप्राप्त कलाकारहरूबाट लोकगीत, एकल गीत, दोहोरी गीत, एवं नृत्य प्रस्तुति गर्ने ।
- राष्ट्रिय स्तरका ख्याती प्राप्त, हास्यकलाकारहरूको प्रस्तुति ।
- विभिन्न प्रकारका बालउद्यानको व्यवस्था गर्ने ।
- पर्यटनसँग सम्बन्धित स्थानीय स्तरमा डकुमेन्टी प्रसारण गर्ने
- अर्घाखाँचीको परिकारहरूको व्यवस्था गर्ने ।
- उपभोक्ता र उत्पादकहरूबीच अन्तरक्रिया गर्ने ।
- उत्कृष्ट स्टललाई पुरस्कारको व्यवस्था गर्ने ।
- दोहोरी प्रतियोगितालाई पुरस्कारको व्यवस्था गर्ने ।

## सुविधाहरू

- सुरक्षाको व्यवस्था
- खानेपानी एवं शौचालयको व्यवस्था
- पार्किङको व्यवस्था
- एम्बुलेन्स एवं प्राथमिक उपचारको व्यवस्था


बलकोट पौवा


अर्घा भगवती मन्दीर


डमरु दह ठाडा


पाणीनी तपोभूमि


सुपाको दृश्य